# मेचीनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय , इटाभट्टा
झापा जिल्ला , कोशी प्रदेश नेपाल

## Mechinagar Municipality

**Office of the Municipal Executive**
**Itabhatta, Jhapa District Koshi, Nepal**

पत्र संख्या :-२०८२/०८३
चलानी नं:- ६५२

मितिः-२०८२/०५/०२

**श्री वडा कार्यालय (सबै)**
मेचीनगर नगरपालिका, झापा

**विषयः- ३५ दिने सूचना सम्बन्धी।**

प्रस्तुत बिषयमा भूमि समस्या समाधान आयोगले भूमिहीन दलित, भूमिहीन सुकुम्वासी, तथा अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि अन्तिम पटक निवेदन दिने सूचना भूमी समस्या समाधान आयोग बाट मिति २०८२/०४/३० गते देखि ३५ दिने सूचना प्रकाशन भएको हुनाले सोही अनुसारआफ्नो वडामा सूचना प्रचार प्रसार गरिदिनु हुन सबै वडालाई अनुरोध छ। साथै सूचनाको प्रतिलिपि यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ।

अनन्त प्रकाश वस्ती
अधिकृत स्तर नवौ
प्रमुख, प्रशासन योजना तथा अनुगमन शाखा

Scanned with CamScanner

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९३२/५३१३९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।